यो आकाशवाणी हो।

September 9th, 2025 Tuesday

प्रमुख समाचार

- नेपालका प्रधानमन्त्री के.पी. शर्मा ओलीद्वारा आफ्नो पदबाट राजीनामा
- उपराष्ट्रपति निर्वाचनको मतदान सम्पन्न, मतगणना प्रक्रिया जारी
- प्रधानमन्त्री नरेन्द्र मोदीद्वारा पञ्जाब र हिमाचल प्रदेशमा बाढीको अवस्थाको समीक्षा
- अनि १७ औं एसिया कप क्रिकेट प्रतियोगिता २०२५ आज साँझ अबुधाबीमा सुरु हुँदै

1. Nepal PM Resigns

नेपालका प्रधानमन्त्री के.पी. शर्मा ओलीले आफ्नो पदबाट राजीनामा दिनुभएको छ। युवाहरूको देशव्यापी प्रदर्शनमा १९ जनाको मृत्यु र ३०० भन्दा बढी घाइते भएपछि राष्ट्रपति रामचन्द्र पौडेललाई आफ्नो राजीनामा बुझाउनुभएको हो। यस समय नेपालमा राष्ट्रपति शासन लागू गरिएको छ। नेपाल सरकारका मुख्य सचिव, नेपाली सेना प्रमुख, सीमा सुरक्षा बलका महानिर्देशक, नेपाल प्रहरीका महानिर्देशक र अन्य वरिष्ठ अधिकारीहरूले जनतालाई शान्ति कायम राख्न अनुरोध गरेका छन्। प्रमुख राजनीतिक दलहरूले वर्तमान परिस्थितिको शान्तिपूर्ण समाधान खोज्न छलफल गरिरहेका छन्। प्रधानमन्त्री ओलीको राजीनामापछि, काठमाडौँका मेयर बालेन्द्र शाहले युवा प्रदर्शनकारीहरूलाई शान्त रहन आग्रह गर्नुभएको छ। युवा प्रदर्शनकारीहरूले आज सिंहदरबार, सर्वोच्च अदालत, मुख्य अधिवक्ता कार्यालय र संसद भवन साथै राजनीतिक नेता र वर्तमान मन्त्रीहरूको घरमा आगजनी गरेका छन्। अर्को सूचना नभएसम्म कर्फ्यूका कारण काठमाडौं विमानस्थल बन्द छ।

2. Airlines – Kathmandu

सरकार विरोधी प्रदर्शनका कारण काठमाडौं विमानस्थल बन्द भएपछि एयर इन्डिया र इन्डिगो लगायत धेरै एयरलाइन्सले दिल्ली जाने र आउने उडान रद्द गरेका छन्। एयर इन्डियाले हालको अवस्थालाई ध्यानमा राख्दै आज दिल्ली-काठमाडौं-दिल्ली रुटमा उडानहरू रद्द गरिएको बताएको छ। इन्डिगोले काठमाडौं जाने र आउने सबै उडानहरू स्थगित गरिएको बताएको छ। एयरलाइन्सले प्रभावित यात्रुहरूलाई आफ्नो यात्राको तालिका पुनः बनाउन वा आधिकारिक वेबसाइटमा गएर फिर्ता दाबी गर्न सल्लाह दिएको छ।

3. Nepal – Advisory

विदेश मन्त्रालयले नेपालमा बस्ने भारतीय नागरिकहरूलाई नेपाली अधिकारीहरूले जारी गरेका निर्देशनहरू पालना गर्न र सतर्क रहन सल्लाह दिएको छ। मन्त्रालयका अनुसार भारतले नेपालमा भइरहेको घटनाक्रममा निरन्तर नजर राखिरहेको छ।

4. Vice President – Election

उपराष्ट्रपति निर्वाचनको मतदान प्रक्रिया सम्पन्न भएको छ। बिहान १० बजेदेखि साँझ ५ बजेसम्म मतदान भएको थियो। अहिले मतगणनाको प्रक्रिया जारी छ। उपराष्ट्रपति निर्वाचनको प्रतिस्पर्धा राष्ट्रिय लोकतान्त्रिक गठबन्धनका उम्मेदवार तथा महाराष्ट्रका राज्यपाल सी.पी. राधाकृष्णन र इन्डिया गठबन्धनका उम्मेदवार तथा पूर्व न्यायाधीश बी. सुदर्शन रेड्डीबीच भएको छ। उपराष्ट्रपति निर्वाचनको लागि संसदका दुवै सदनका सदस्यहरूले मतदान गरे। प्रधानमन्त्री नरेन्द्र मोदीले सबैभन्दा पहिले मतदान गर्नुभयो।

5. Punjab - PM

प्रधानमन्त्री नरेन्द्र मोदीले बाढी प्रभावित पञ्जाबका लागि १६०० करोड रुपैयाँको आर्थिक सहयोग घोषणा गर्नुभएको छ। राज्य विपद् राहत कोष र प्रधानमन्त्री किसान सम्मान निधिको दोस्रो किस्ता अग्रिम रूपमा जारी गरिनेछ। श्री मोदीले बाढी र प्राकृतिक प्रकोपमा मृत्यु भएकाहरूका आफन्तलाई २ लाख रुपैयाँ र गम्भीर घाइतेहरूलाई ५०००० रुपैयाँको अनुग्रह राहतको घोषणा पनि गर्नुभयो। प्रधानमन्त्रीले बाढीका कारण अनाथ बालबालिकाहरूलाई बाल हेरचाह योजना अन्तर्गत सहयोग प्रदान गरिने बताउनुभयो। यसअघि, प्रधानमन्त्री बाढी प्रभावित पञ्जाबको जमिनको अवस्थाको अवलोकन गर्न गुरदासपुर आइपुग्नुभएको थियो। उहाँले वरिष्ठ अधिकारीहरूसँग बाढीबाट भएको क्षतिको समीक्षा गर्नुभयो। पञ्जाबका मुख्य सचिव के.ए.पी. सिन्हाले प्रधानमन्त्रीलाई राज्यमा प्राकृतिक प्रकोपबाट भएको क्षतिको बारेमा विस्तृत रूपमा जानकारी गराउनुभयो। श्री मोदीले बाढी प्रभावित क्षेत्रहरूको हवाई सर्वेक्षण पनि गर्नुभयो। उहाँले बाढी पीडितहरू र एनडीआरएफ र एसडीआरएफका कर्मचारीहरूसँग पनि कुराकानी गर्नुभयो। यसअघि प्रधानमन्त्री नरेन्द्र मोदीले हिमाचल प्रदेसका बाढी प्रभावित क्षेत्रहरूको समीक्षा गर्नुभयो। उहाँले प्राकृतिक प्रकोपबाट प्रभावित मानिसहरूलाई यथासम्भव सहयोग प्रदान गर्ने केन्द्र सरकारको प्रतिबद्धता दोहोऱ्याउनुभयो।

6. IMD Himachal Pradesh

आज हिमाचल प्रदेशका अधिकांश भागहरूमा मौसम सामान्यतया सफा रह्यो। भारी वर्षा रोकिएपछि विपद् प्रभावित क्षेत्रहरूमा राहत र उद्धार कार्य युद्धस्तरमा जारी छ। यस मनसुनको मौसममा ३७० जनाले ज्यान गुमाएका छन् भने ४१ जना अझै बेपत्ता छन्। यसैबीच, मौसम विभागले आगामी तीन दिनमा राज्यमा हल्कादेखि मध्यम वर्षा हुने पूर्वानुमान गरेको छ।

7. IMD Punjab

मौसम विभागले आज पश्चिम बंगाल, सिक्किम र उत्तराखण्डको उप-हिमालयी क्षेत्रमा मुसलधारे वर्षा हुने पूर्वानुमान गरेको छ। विभागले उत्तर पश्चिम भारतमा वर्षा बिस्तारै कम हुँदै गएको र आगामी दिनहरूमा सुख्खा मौसम हुने सम्भावना रहेको बताएको छ।

8. GST Reformns – Housing

सेप्टेम्बर ३ मा जीएसटी परिषद्ले जीएसटी दरहरूलाई मञ्जुरी दिएपछि अझ कुशल र नागरिकमैत्री अर्थतन्त्र सिर्जना गर्ने प्रधानमन्त्रीको सपना साकार भएको छ। हाम्रा संवाददाताका अनुसार आवास क्षेत्रका लागि गरिएका जीएसटी सुधारहरू आम मानिसमा केन्द्रित छन्।

9. GST Reforms – Service Sector

प्रधानमन्त्री नरेन्द्र मोदीले स्वतन्त्रता दिवसको दिन वस्तु तथा सेवा कर (GST) सुधारको घोषणा गर्नुभयो। यी सुधारहरूले धेरै क्षेत्रहरूमा GST दरहरू घटाएर नागरिकहरूको जीवनलाई सजिलो बनाएको छ। यी सुधारहरू सेप्टेम्बर २२ देखि लागू गरिनेछ।

10. Swachha Vayu Puraskar

वन तथा जलवायु परिवर्तन मन्त्री भूपेन्द्र यादवले आज नयाँ दिल्लीमा स्वच्छ वायु सर्वेक्षण पुरस्कार र सिमसार शहर पुरस्कार २०२५ प्रदान गर्नुभयो। राष्ट्रिय स्वच्छ वायु कार्यक्रम अन्तर्गत इन्दौर, जबलपुर, आगरा र सुरत शहरहरू वायु गुणस्तरमा देशकै अग्रणी स्थानमा रहन सफल भएका छन्।

11. Sports News

अब खेल प्रसंगः १७औं एसिया कप क्रिकेट प्रतियोगिता आज साँझ संयुक्त अरब इमिरेट्सको अबुधाबीमा सुरु हुँदैछ। पहिलो खेल आज भारतीय समय अनुसार राति ८ बजे अफगानिस्तान र हङकङबीच खेलिनेछ। भारतको पहिलो खेल भोलि आयोजक संयुक्त अरब इमिरेट्सविरुद्ध हुनेछ। भारत र पाकिस्तानबीचको रोमाञ्चक खेल सेप्टेम्बर १४ मा हुनेछ। यस पटक यो प्रतियोगिता टी-२० ढाँचामा खेलाइँदैछ। इङ्गल्याण्डको लिभरपुलमा जारी विश्व बक्सिङ च्याम्पियनसिपमा आज, निकत जरीन महिला ५१ किलो तौल समूहको क्वार्टरफाइनलमा पुगेकी छिन्। प्रि-क्वार्टरफाइनलमा, निकतले जापानकी युना निशिनाकालाई पराजित गरिन्। भोलि क्वार्टरफाइनलमा, उनले बुसे नाज चकिरोग्लुको सामना गर्नेछिन्।

आज, पुरुष ५० किलो तौल समूहमा जदुमणी सिंह मन्डेङबम, ८० किलो तौल समूहमा लक्ष्य चाहर र महिला ४८ किलो तौल समूहमा मीनाक्षीले प्रि-क्वार्टरफाइनलमा आफ्नो चुनौती प्रस्तुत गर्नेछिन्।

अन्त्यमा यस बुलेटिनका प्रमुख समाचार पुनः एक पटकः

१. नेपालका प्रधानमन्त्री के.पी. शर्मा ओलीद्वारा आफ्नो पदबाट राजीनामा

२. उपराष्ट्रपति निर्वाचनको मतदान सम्पन्न, मतगणना प्रक्रिया जारी

३. प्रधानमन्त्री नरेन्द्र मोदीद्वारा पञ्जाब र हिमाचल प्रदेशमा बाढीको अवस्थाको समीक्षा

४. अनि १७ औं एसिया कप क्रिकेट प्रतियोगिता २०२५ आज साँझ अबुधाबीमा सुरु हुँदै

आकाशवाणीबाट सुन्दै हुनुहुन्थ्यो समाचार, पूरा भयो।